# सिरानचोक गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

छोप्राक, गोरखा

## गाउँ कार्यपालिकाको कार्य सञ्चालन निर्देशिका

**(Standard Operating Procedures-SOP)**

२०८०


प्रतिवेदकः

ग्लोबल भिजन कन्सल्टिङ प्रा. लि.

बागबजार, काठमाडौं

**E-mail: goglobalvision@gmail.com**

# सिरानचोक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## छोप्राक, गोरखा

# गाउँ कार्यपालिकाको कार्य सञ्चालन निर्देशिका

## (Standard Operating Procedures-SOP)

## २०८०


प्रतिवेदक:

ग्लोबल भिजन कन्सल्टिङ प्रा. लि.

बागबजार, काठमाडौं

**E-mail: goglobalvision@gmail.com**


Global
vision consulting pvt. ltd.

# विषय सुची:


सिरानचोक गाउँपालिकाको काम, कर्तव्य र अधिकार ........ १

१.१ गाउँपालिकाको अधिकारः........ १

१.१.१ नगर प्रहरी ........ १

१.१.२ सहकारी संस्था........ १

१.१.३ एफ.एम. सञ्चालन ........ २

१.१.४ स्थानीय कर, सेवा शुल्क तथा दस्तुर........ २

१.१.५ स्थानीय सेवाको व्यवस्थापन........ ३

१.१.६ स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन........ ३

१.१.७ स्थानीय स्तरका विकास आयोजना तथा परियोजना ........ ४

१.१.८ आधारभूत र माध्यमिक शिक्षा........ ५

१.१.९ आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानुन मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,........ ६

१.१.१० स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ........ ६

१.१.११ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाइ ........ ७

१.१.१२ नगर सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन ........ ८

१.१.१३ स्थानीय अभिलेख व्यवस्थापन........ ८

१.१.१४ जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण ........ ९

१.१.१५ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी ........ ९

१.१.१६ ज्येष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति र अशक्तहरूको व्यवस्थापन........ १०

१.१.१७ बेरोजगारको तथ्याङ्क सङ्कलन ........ १०

१.१.१८ कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण........ ११

१.१.१९ खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा........ ११

१.१.२० विपद् व्यवस्थापन........ ११

१.१.२१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण ........ १२

१.१.२२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ........ १३

१.१.२३ गाउँपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार ........ १३

खेलकुद र पत्रपत्रिका ........ १३

स्थास्थ्य ........ १३

विद्युत, खानेपानी तथा सिँचाइ जस्ता सेवाहरू ........ १४

सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क ........ १४

वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता ........ १५

सामाजिक सुरक्षा र गरिबी निवारण ........ १६

व्यक्तिगत घटना, जन्म मृत्यु, विवाह र तथ्याङ्क ........ १६

सुकुम्बासी व्यवस्थापन ........ १६

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी ........ १६

सवारी साधन अनुमति ........ १७

१.२ गाउँपालिकाको अन्य काम, कर्तव्य र अधिकार ........ १७

भूमि व्यवस्थापन ........ १७

सञ्चार सेवा ........ १७

यातायात सेवा ........ १७

लघु, घरेलु तथा साना उद्योग ........ १८

न्यूनतम दररेट निर्धारण गर्नेः ........ १८

योजना तर्जुमा तथा कार्यन्वयन ........ १८

१.३ वडा समितिको काम, कर्तव्य र अधिकारः ........ १९

(क) वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन ........ १९

(ख) तथ्याङ्क अद्यावधिक तथा संरक्षण ........ १९

(ग) विकास कार्य ........ १९

(घ) नियमन कार्य ........ २२
अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाको काम, कर्तव्य र अधिकार ........ २२
२.१ अध्यक्षको काम, कर्तव्य र अधिकार ........ २२
२.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकारः ........ २३
२.३ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार ........ २३
२.४ कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकारः ........ २४
२.५ गाउँपालिकामा रहने विभिन्न समितिहरूको काम, कर्तव्य र अधिकारहरूः ........ २४
२.५.१ राजश्व समिति ........ २४
२.५.२ विधायन समितिः ........ २५
२.५.३ सुशासन समितिः ........ २६
२.५.४ अन्य समितिहरूः ........ २७
भवन व्यवस्था समितिः ........ २७
सूचना प्रविधी समितिः ........ २८
सम्पदा तथा पर्यटन समितिः ........ २८
आर्थिक विकास समितिः ........ २९
सामाजिक विकास समितिः ........ ३०
पूर्वाधार विकास समितिः ........ ३१
वातावरण तथा विपद् व्यवस्थापन समितिः ........ ३२
सिरानचोक गाउँपालिकाको संगठनात्मक संरचना र कार्यहरु ........ ३४
३.१ प्रशासन, योजना तथा अनुगमन शाखा ........ ३४
३.१.१ प्रशासन इकाइ ........ ३४
३.१.२ राजश्व इकाइ ........ ३६
३.१.३ योजना तथा अनुगमन ईकाई ........ ३९
३.१.४ कानूनी मामिला इकाई ........ ४१

३.१.५ वडा कार्यालय........................................................................ ४२

३.२ पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा.................................................... ४९

३.२.१ सडक, सिंचाई तथा अन्य पूर्वाधार विकास इकाइ.............................................५०

३.२.२ भवन तथा मापदण्ड कार्यान्वयन इकाई.........................................................५२

३.२.३ वातावरण तथा विपद् व्यवस्थापन इकाई........................................................ ५४

३.३ सामाजिक विकास शाखा........................................................................५६

३.३.१ सामाजिक सुरक्षा तथा पंजिकरण इकाई.........................................................५६

३.३.२ महिला, बालबालिका तथा समाज कल्याण इकाई..............................................५७

स्वास्थ्य इकाई..........................................................................................६०

३.४ शिक्षा, युवा तथा खेलकुद शाखा............................................................... ६३

३.५ कृषि सेवा केन्द्र.........................................................................................६५

३.६ आर्थिक प्रशासन शाखा...............................................................................६७

३.६.१ आन्तरिक लेखा परीक्षण ईकाई.....................................................................६९

गाउँपालिकाको कार्यालयबाट सम्पादन गरिने मुख्य कार्यहरु र कार्यप्रणाली.............................................७०

४.१ कामको विवरण र कार्य फछ्र्यौट गर्ने समयावधि..................................................७०

४.२ सार्वजनिक सेवाप्रवाहको कारवाही प्रक्रिया...........................................................७२

# परिच्छेद-१

## सिरानचोक गाउँपालिकाको काम, कर्तव्य र अधिकार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन समेतका आधारमा सिरानचोक गाउँपालिकाको काम, कर्तव्य र अधिकार तलका बुँदाहरूमा प्रस्तुत गरिएको छ।

### १.१ गाउँपालिकाको अधिकारः

#### १.१.१ नगर प्रहरी

- नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानुन र मापदण्डको निर्माण तथा कार्यान्वयन।
- देहायका कार्यमा सहयोग पुऱ्याउनको लागि नगर प्रहरीको परिचालन गर्न सक्नेः
- गाउँपालिकाको नीति, कानुन, मापदण्ड तथा निर्णय कार्यान्वयन,
- गाउँपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
- स्थानीय स्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
- स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
- नगर वा नगर सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,
- न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन
- सार्वजनिक ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
- विपद् व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
- अनधिकृत विज्ञापन तथा होडिङ्ग बोर्ड नियन्त्रण,
- छाडा पशु चौपायाको नियन्त्रण,
- अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
- कार्यपालिकाले तोकेको अन्य कार्य ।

#### १.१.२ सहकारी संस्था

- सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,



Glob.. vision consulting pvt. ltd.

- सम्बन्धित गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
- सहकारी सम्बन्धी राष्ट्रिय केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,
- सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
- स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास।

१.१.३ एफ.एम. सञ्चालन

- एक सय वाटसम्मको एफ.एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमन र खारेजी,
- प्रदेश कानुनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य ।

१.१.४ स्थानीय कर, सेवा शुल्क तथा दस्तुर

- सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन
- ट्रेकिङ, कायाकिङ्ग, क्यानोनिङ्ग, बन्जी जम्प, जिपफ्यायर, र्याफ्टिङ्ग , मोटर बाटो, केबुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,
- जडीबुटी कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,
- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरिढुङ्गा आदि प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,
- सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र सङ्कलन
- स्थानीय राजस्व प्रवर्द्धन लागि प्रोत्साहन
- राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

- सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही स्थानीय तहमा राजश्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,
- स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानुन, मापदण्ड र नियमन,
- मालपोत सङ्कलन,
- कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

१.१.५ स्थानीय सेवाको व्यवस्थापन

- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा सर्त, योजना, कार्यान्वयन र नियमन,
- संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास।

- सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास ।
- स्थानीय कानुन बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी सङ्गठन संरचना तथा दरवन्दी निर्धारण,
- स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,
- जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,
- स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य,

१.१.६ स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

- स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
- आधारभूत तथ्याङ्क सङ्कलन व्यवस्थापन,
- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाईंसराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,
- सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,
- स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य ।

१.१.७ स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

- विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानुन मापदण्ड तर्जुमा कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- आर्थिक, सामाजिक, सांस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
- आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
- सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यवस्थापन,
- सङ्घीय तथा प्रदेश कानुनको अधीनमा रही सहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,
- राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,
- सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,
- सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
- सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,
- सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानुन बमोजिमको "घ" वर्गको इजाजत पत्रको जारी, नवीकरण तथा खारेजी,
- पर्यटन क्षेत्रको विकास, विस्तार र प्रवर्द्धन सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
- नवीन पर्यटकीय सेवा तथा कार्यहरू सम्बन्धी आयोजनाहरूको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,
- विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य ।



Global
vision consulting pvt. ltd.

१.१.८ आधारभूत र माध्यमिक शिक्षा

- प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
- मातृभाषामा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- नगर तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामाकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाई उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,



Global
vision consulting pvt. ltd.

- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

१.१.९ आधारभूत स्वास्थ्य र सरसफाइ तथा पोषण सम्बन्धी नीति, कानुन मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,

- आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
- अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
- स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
- स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
- सरसफाइ सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
- स्वास्थ्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
- रक्त सञ्चार सेवा तथा स्थानीय र सहरी स्वास्थ्य सेवा सञ्चालन,
- औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
- सरसफाइ तथा स्वास्थ्य क्षेत्रबाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
- परिवार नियोजन तथा मातृ शिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

१.१.१० स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता

- स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानुन, मापदण्ड, कार्यान्वयन र नियमन,
- बजार तथा हाट बजार व्यवस्थापन,
- स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
- स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,



Global

- स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
- स्थानीय स्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,
- स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,
- निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,
- स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,
- स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,
- उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
- वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
- स्थानीय स्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,
- स्थानीय स्तरमा सरसफाइ तथा फोहरमैला व्यवस्थापन,
- स्थानीय स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
- स्थानीय स्तरमा हरित क्षेत्रको संरक्षण र प्रवर्द्धन,
- स्थानीय स्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
- स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी अन्य कार्य ।

१.१.११ स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाइ

- स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाइ सम्बन्धी नीति, कानुन, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाइ र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,
- स्थानीय स्तरको सिँचाइ प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,
- यातायात सुरक्षाको व्यवस्थापन र नियमन,



Global
vision consulting pvt. ltd.

- स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य ।

१.१.१२ नगर सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

- नगर सभा वा नगर सभा सम्बन्धी नीति, कानुन र कार्यविधि,
- स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,
- सभाका समितिहरूको गठन र सञ्चालन,
- स्थानीय तहबिच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,
- कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवश्यक निर्देशन,
- विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,
- गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,
- स्थायी मेलमिलाप र मध्यस्थता,
- नगर सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

१.१.१३ स्थानीय अभिलेख व्यवस्थापन

- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,
- जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आबद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन,
- सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,
- सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको अद्यावधिक अभिलेख,

- आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन,
- स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,
- स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य।

१.१.१४ जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण

- स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाबिक, रजिस्ट्रेसन नामसारी तथा दाखिल खारेज,
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण तथा लागत व्यवस्थापन,
- भूमिको वर्गीकरण अनुसारको लगत,
- सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,
- नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,
- जग्गा धनी दर्ता प्रमाण पुर्जा वितरण सम्बन्धी अन्य कार्य।

१.१.१५ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

- कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
- कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाइ निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,
- कृषि तथा पशुपक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
- पशुपक्षी चिकित्सा सेवाको व्यवस्थापन,
- कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
- पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,
- उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
- स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
- पशु आहारको गुणस्तर नियमन,
- स्थानीयस्तरमा पशुपक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

- पशु वधशाला र शीत भण्डारको व्यवस्थापन र नियमन,
- पशुपक्षी सम्बन्धी बिमा र कर्जा सहजीकरण,
- पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य ।

१.१.१६ ज्येष्ठ नागरिक, अपाङ्गता भएको व्यक्ति र अशक्तहरूको व्यवस्थापन

- सङ्घ र प्रदेश कानुनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन तथा व्यवस्थापन,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
- ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
- सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,
- सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरू पुनर्स्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

१.१.१७ बेरोजगारको तथ्याङ्क सङ्कलन

- रोजगार तथा बेरोजगार श्रम शक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
- स्थानीयस्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,
- विभिन्न क्षेत्र तथा विषयको दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,
- सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रम शक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,
- रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,
- वैदेशिक रोजगारीमा जाने श्रम शक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,
- वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनः एकीकरण,
- वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,
- बेरोजगारीको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य ।



Global
vision consulting pvt. ltd.

१.१.१८ कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण

- कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
- कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
- कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
- कृषि विउविजन, नस्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
- कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
- स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
- कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
- स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,
- प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,
- कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

१.१.१९ खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा

- स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन मापदण्ड, योजना कार्यान्वयन र नियमन,
- खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,
- एक मेगावाट सम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
- स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन,
- स्थानीय विद्युत् वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन, अनुगमन र नियमन,
- स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,
- खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक ऊर्जा सम्बन्धी अन्य कार्य ।

१.१.२० विपद् व्यवस्थापन

- विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन, नियमन,

- स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
- स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,
- विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
- विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,
- विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
- विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,
- विपद् पश्चात् स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,
- स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,
- समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,
- विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

### १.१.२१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण

- जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
- पानी मुहानको संरक्षण,
- सामुदायिक भू-संरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
- भू-संरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
- खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,
- बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्वद्र्धनमा सहयोग,
- ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता खानीजन्य वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
- भौगर्भिक नक्सा प्रकाशन।

१.१.२२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास

- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानुन, मापदण्ड, योजना कार्यान्वयन, अनुगमन र नियमन,
- पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,
- परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
- प्रचलित कानुन विरुद्धका कुरीति तथा कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य,
- भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य।

१.१.२३ गाउँपालिकाले संघ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार

खेलकुद र पत्रपत्रिका

१. स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
२. स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
३. खेलकुदको विकास र प्रवर्द्धन,
४. खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
५. खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
६. स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन।

स्थास्थ्य

१. सङ्घीय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
२. जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरू र क्लिनिक दर्ता सञ्चालन अनुमति र नियमन,
३. स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
४. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
५. स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
६. स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधन प्रतिरोध न्यूनीकरण,
७. स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

१. वन, जङ्गल, वन्यजन्तु, चरचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून मापदण्ड, योजना, कार्यान्वयन, अनुमन र नियमन,
२. स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती र साझेदारी वनको संरक्षण, सम्वर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,
३. मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक कबुलियती वनको व्यवस्थापन,
४. स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
५. स्थानीयस्तरमा निजी वनको प्रवर्द्धन, अनुगमन र नियमन,
६. स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
७. स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्वेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन र बजार व्यवस्थापन,
८. वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
९. नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
१०. वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
११. मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,
१२. स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
१३. स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
१४. स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
१५. स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
१६. विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
१७. मिचाहा प्रजातिको नियन्त्रण,
१८. स्थानीयस्तरको जोखिम न्यूनीकरण,
१९. जैविक विविधताको अभिलेखाङ्कन,
२०. स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,

२१. स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,
२२. रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
२३. स्थानीयस्तरमा वातावरणीय जोखिम नयूनीकरण,
२४. स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
२५. स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
२६. स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन ।

सामाजिक सुरक्षा र गरिबी निवारण

१. सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
२. लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
३. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि संघ, प्रदेश र स्थानीय संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
४. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,
५. गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,
६. स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन ।

व्यक्तिगत घटना, जन्म मृत्यु, विवाह र तथ्याङ्क

१. व्यक्तिगत घटना (जन्म, मृत्यु, विवाह, बसाईंसराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
२. व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून मापदण्ड, योजना, कार्यान्वयन नियमन,
३. व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।
४. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्वद्र्धन र पुनः निर्माण।

सुकुम्वासी व्यवस्थापन

१. सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,
२. सुकुम्बारी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन ।

प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

१. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,



Global

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँट ।

सवारी साधन अनुमति

१. यातायत व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२. स्थानीय सार्वजनिक यातायतको रुछट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,
३. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेघ, अपाङ्गता र लैङ्गिकमैत्री यातायत प्रणालीको स्थनीय तहमा प्रवर्द्धन ।

१.२ गाउँपालिकाको अन्य काम, कर्तव्य र अधिकार

माथि उल्लिखित अधिकारका अतिरिक्त गाउँपालिकाको अन्य काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः—

भूमि व्यवस्थापन

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू—उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
२. सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,
३. स्थानीयस्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन ।

सञ्चार सेवा

१. सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
२. स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

यातायात सेवा

१. स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्राञ्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

२. राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

लघु, घरेलु तथा साना उद्योग

१. लघु, घरेलु र साना उद्योगको दर्ता, नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,
२. उद्यमशिलताकोह विकास र प्रवर्द्धन।
३. स्थानीय तहले प्रदेश सरकारको परामर्शमा नेपाल सरकारको पूर्व स्वीकृति लिई विदेशका कुनै स्थानीय सरकारसँग भगिनी सम्बन्ध कायम गर्न सक्नेछ।

न्यूनतम दररेट निर्धारण गर्नेः

१. गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महसुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेछ।
२. श्रमिकको ज्यालादर निर्धारण गर्दा नेपाल सरकारले निर्धारण गरेको राष्ट्रिय न्यूनतम पारिश्रमिकभन्दा कम नहुने गरी तोक्नु पर्नेछ।

योजना तर्जुमा तथा कार्यन्वयन

१. गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नु पर्नेछ।
२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ ।
३. गाउँपालिकाको योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनु पर्नेछः—
   क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने,
   ख. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,
   ग. जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने,
   घ. स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,
   ङ. स्थानीय स्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने,

च. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

छ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने,

ज. दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वद्र्धन गर्न सघाउ पुऱ्याउने,

झ. भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने ।

१.३ वडा समितिको काम, कर्तव्य र अधिकारः

(क) वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन

१. सहभागितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

२. टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

३. वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

(ख) तथ्याङ्क अद्यावधिक तथा संरक्षण

१. निजी घर तथा घर परिवारको लगत राख्ने,

२. ऐतिहासिक, पुरातात्विक, सांस्कृतिक तथा धार्मिक महत्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

३. खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिकस्थाल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुङ्गेधारा, गुठीघर, बाटो, सडक, पुल, पुलेसा, कुलो, नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पश्र्वचित्र तयार तथा अद्यावधिक गर्ने,

(ग) विकास कार्य

१. बाल उद्यानको व्यवस्था गर्ने,

२. अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,



Global

३. पुस्तकालय, वाचनालय, सामुदायिक सिकाइ केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

४. वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

५. खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

६. पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

७. वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

८. शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

९. सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

१०. वडास्तरीय सामुदायिक धाराको प्रवन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

११. घरबाट निकास हुने फोहोरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

१२. कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा बडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

१३. कृषि बीउ विजन, मल तथा औषधिको माग सङ्कलन गर्ने,

१४. कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

१५. पशुपक्षी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

१६. वडाभित्रको चरनक्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

१७. स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने, गराउने,

१८. स्थानीय मौलिकता झल्किने सांस्कृतिक रीतिरिवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

१९. वडाभित्र खेलकुद पुर्वाधारको विकास गर्ने,

२०. अन्तरविद्यालय तथा क्लब मार्फत खेलकूद कार्यक्रमको सञ्चालयत गर्ने गराउने,

२१. वडा क्षेत्रभित्रको बाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

२२. वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

२३. बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पञ्छाउने,



Global

२४. घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

२५. वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

२६. प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्याधिक तथा सोको अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

२७. व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

२८. सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

२९. वडालाई बालमैत्री बनाउने,

३०. वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसङ्ख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्बन्धी काम गर्ने,

३१. विभिन्न समुदायबिच सामाजिक सद्भाव र सौहार्दता कायम गर्ने,

३२. बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचबिखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

३३. प्रचिलत कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशूल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोसञ्जन करको लेखोजोखा र सङ्कलन गरी सम्बन्धित गाउँपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

३४. अशक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुऱ्याई औषधोपचार गराउने,

३५. असहाय वा बेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

३६. सडक बालबालिकाको उद्धार र पुनस्र्थापनाको लागि लगत सङ्कलन गर्ने,

३७. वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने,

३८. वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र विस्तार गर्ने, गराउने,

३९. वडालाई वातावरणमैत्री बनाउने,

४०. प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवद्र्धनात्मक कार्यहरू गर्ने, गराउने,

४१. वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रवर्द्धन गर्ने,

(घ) नियमन कार्य

१. वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,
२. सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम दिने,
३. खाद्यन्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,
४. वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रवर्द्धन गरी लगत राख्ने,
५. हाट बजारको व्यवस्थापन गर्ने, गराउने,
६. विद्युत चुहावट तथा चोरी नियन्त्रण सहयोग गर्ने ।

## परिच्छेद-२

अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा कार्यपालिकाको काम, कर्तव्य र अधिकार

प्रचलित कानुन बमोजिम अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा गाउँ कार्यपालिकाको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम रहने व्यवस्था छ ।

२.१ अध्यक्षको काम, कर्तव्य र अधिकार

१. सभा तथा कार्यपालिकाको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,
२. सभा तथा कार्यपालिकाको बैठकमा बैठकको कार्यसूची तथा प्रस्ताव पेश गर्ने, गराउने,
३. वार्षिक कार्यक्रम तथा बजेट तयार गरी सभामा पेश गराउने,
४. सभाको अधिवेशन आव्हान र अन्त्य गर्ने,
५. सभा र कार्यपालिकाको निर्णय कार्यान्वयन गर्ने गराउने,
६. कार्यपालिकाको दैनिक कार्यको सामान्य रेखदेख, निर्देशन र नियन्त्रण गर्ने,
७. उपप्रमुख, कार्यपालिकाका सदस्य तथा प्रमुख प्रशासकीय अधिकृतलाई काजमा खटाउने,
८. दफा १२ को खण्ड ङ बमोजिम बडा समितिबाट सम्पादन हुने सिफारिस तथा प्रमाणित हुने विषय बाहेक प्रचलित नेपाल कानुन बमोजिम स्थानीय तहबाट गर्नुपर्ने प्रमाणित वा सिफारिस गर्ने,

९. गाउँपालिकाको चल अचल सम्पत्ति हेरचाह तथा मर्मत सम्भार गर्ने गराउने र आम्दानी, खर्च हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने ।

१०. गाउँपालिकाका समिति, उपसमिति तथा वडा समितिको कामको रेखदेख गर्ने,

११. सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्ने, गराउने ।

१२. सात दिनभन्दा बढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा उपाध्यक्षलाई कार्यभार दिने र उपाध्यक्ष पनि अनुपस्थित भएमा कुनै सदस्यलाई कार्यभार दिने ।

१३. सभा वा कार्यपालिकाले तोकेका अन्य काम गर्ने ।

२.२ उपाध्यक्षको काम, कर्तव्य र अधिकार:

१. न्यायिक समितिको संयोजक भई कार्य गर्ने,

२. प्रमुखको अनुपस्थितिमा निजको कार्यभार सम्हाल्ने,

३. गैरसरकारी संघ संस्थाका क्रियाकलापको समन्वय गर्ने,

४. उपभोक्ता हित संरक्षण सम्बन्धी कार्यको समन्वय गर्ने,

५. योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गरी सोको प्रतिवेदन बैठकमा पेश गर्ने,

६. सभा र कार्यपालिकाद्वारा गठित समितिहरूको काममा सहजीकरण र समन्वय गर्ने,

७. सात दिनभन्दा बढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा अध्यक्षलाई जानकारी गराउने,

८. सभा, कार्यपालिका तथा अध्यक्षले प्रत्यायोजन गरेका वा तोकेका अन्य कार्य गर्ने ।

२.३ वडा अध्यक्षको काम, कर्तव्य र अधिकार

१. वडा समितिको अध्यक्ष भई कार्य गर्ने,

२. वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने,

३. वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिकामा पेश गर्ने,

४. वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने,

५. दफा १२ को खण्ड ङ मा उल्लिखित विषयमा सिफारिस तथा प्रमाणित सम्बन्धी कार्य गर्ने,

६. सात दिनभन्दा बढी समय वडामा अनुपस्थित हुने भएमा वडाको दैनिक प्रशासनिक तथा सिफारिस सम्बन्धी कार्य गर्न सम्बन्धित वडा समितिको कुनै सदस्यलाई जिम्मेवारी तोकी सोको जानकारी प्रमुखलाई दिने,

७. कार्यपालिका, सभा वा वडा समितिले तोकेका अन्य कार्य गर्ने,

२.४ कार्यपालिकाका सदस्यको काम, कर्तव्य र अधिकारः

१. कार्यपालिकाको बैठकमा भाग लिने,

२. प्रमुखले तोकेको विषयगत क्षेत्रको संयोजक वा प्रमुख भई तोकिएको काम गर्ने,

३. सात दिनभन्दा बढी समय गाउँपालिकामा अनुपस्थित हुने भएमा प्रमुखलाई जानकारी गराउने,

४. कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

२.५ गाउँपालिकामा रहने विभिन्न समितिहरूको काम, कर्तव्य र अधिकारहरूः

२.५.१ राजश्व समिति

(क) नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित कर, शुल्क, दस्तुर, दण्ड जरिवाना, रोयल्टी तथा स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ अन्तरगत उल्लिखित वित्तिय अधिकार क्षेत्रभित्रका कर, दस्तुर, शुल्क लगाउने, उठाउने र राजश्वको समुचित उपयोग गर्न स्थानीय सरकारको रूपमा गाउँपालिकाले गाउँसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरूको पहिचान गरी विधायन समितिलाई पत्राचार गर्ने तथा राजश्व संबद्ध नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(ख) स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग समन्वयमा रही आवश्यक सूचना, विवरण तथा तथ्याङ्क उपलब्ध गराई बजेट, नीति तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्ने ।

(ग) स्थानीय संचितकोषमा रहने रकमहरूको व्यवस्थापन सम्बन्धमा आवश्यक सहयोग, सुझाव उपलब्ध गराउने ।

(घ) आफ्नो क्षेत्रभित्रका करदाताहरूको पहिचान गर्ने, सबै करदातालाई करको दायरामा ल्याउने र कर प्रशासनलाई सरल, सहज र पारदर्शी बनाई करदातामैत्री कार्यालयको रूपमा विकास गर्न आवश्यक नीतिगत तथा व्यवस्थापकीय प्रबन्धको लागि अध्ययन अनुसन्धान गरी उपयुक्त विधी,

प्रकृया र प्रणालीको सिफारिस गर्ने । राजश्व व्यवस्थापन सम्बन्धमा गर्नुपर्ने सुधारका पक्षहरू सम्बन्धमा सिफारिस गर्ने ।

(ङ) प्रचिलत कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(च) सबै करदाताहरूको विवरणलाई अध्यावधिक राखी सूचना प्रविधिको प्रयोगबाट कर संकलन गर्ने समबन्धमा संवद्ध विभाग, शाखासँग सहयोग तथा समन्वय गर्ने ।

(छ) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(ज) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

२.५.२ विधायन समितिः

(क) विधायन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(ख) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन तथा संघ तथा प्रदेश कानून बमोजिम स्थानीय सरकारको रूपमा गाउँपालिकाले गाउँसभा तथा कार्यपालिकाबाट जारी गर्नुपर्ने ऐन, नियमावली, विनियमावली, निर्देशिका तथा मापदण्डहरूको पहिचान गरी कानूनी ढाँचामा मस्यौदा गर्ने, संवद्ध सरोकारवालाहरूबिच छलफल गरी गराई सुझावहरू प्राप्त गर्ने र अन्तिम मस्यौदा तर्जुमा गरी गाउँसभा तथा नगरकार्यपालिकामा पारित गर्न प्रस्तुत गर्ने ।

(ग) न्यायिक समिति, प्रमुख प्रशासकिय अधिकृतको न्यायिक रोहबाट भएका निर्णय तथा मिलापत्रको कार्यान्वयन अवस्था सम्बन्धमा अवलोकन गरी प्रभावकारी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध मिलाउने ।

(घ) गाउँपालिकाको समग्र ता विषयगत क्षेत्रहरूमा समयानुकुल सुधार गर्न आवश्यक पर्ने नीति, कानून तथा कार्यविधिको अध्ययन विश्लेषण गरी नगर सुव्यवस्थामा अभिवृद्धि गर्न आवश्यक संशोधन तथा पुनरावलोकन तथा कानून कार्यान्वनलाई सुनिश्चित गर्न गराउन आवश्यक संयन्त्र तथा कार्यप्रणालीको सिफारिस गर्ने।

(ङ) प्रचलित कानूनको परिपालना तथा यथार्थ कार्यान्वयन सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कानून कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(च) गाउँपालिकाको समग्र विधि तथा विधायन क्षेत्रको काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने।

(छ) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(ज) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

२.५.३ सुशासन समितिः

(क) सुशासन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(ख) गाउँपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारीतामा कायम गर्न/गराउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने ।

(ग) संस्थागत सुशासन तथा सहरी सुव्यवस्था काम गर्न आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(घ) गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन उपयुक्त प्रणालीको सिफारिस गर्ने ।

(ङ) संवद्द कानून तथा गाउँपालिकाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धी सम्बन्धमा नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने । विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने ।

(च) गाउँपालिकाको समस्त प्रशासनिक काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने ।

(छ) समितिले आफ्नो काम कारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने ।

(ज) कार्यपालिकाको तोकेका अन्य कार्य गर्ने ।

२.५.४ अन्य समितिहरू:

माथि उल्लेखित समितिका अतिरिक्त समेत तपसील बमोजिमका अन्य समितिहरू गठन गर्न सकिनेछन भने उक्त समितिहरू काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

भवन व्यवस्था समितिः

भवन व्यवस्था समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाका क्षेत्रभित्र निर्माण गरिने भवनहरू सम्बन्धी विद्यमान कानून, मापदण्ड तथा भवन संहिताको अध्ययन गरी सम्बद्ध विज्ञहरूको सुझाव समेतका आधारमा संसोधन पुनररावलोकन गर्नुपर्ने सम्बन्धमा ठोस प्रस्ताव सिफारिस गर्ने।

(ख) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(ग) भवन निर्माणको नियमित अनुगमनलाई व्यवस्थित रूपमा संंचालन गरी तत्काल कारवाही अघि बढाउन संस्थागत संयन्त्र बनाउने र कारवाहीको लागि प्रमुख समक्ष सिघ्र पेश गर्न समन्वय गर्ने।

(घ) सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(ङ) भवन निर्माण इजाजत, निर्माण सम्पन्नता जस्ता कार्यहरूलाई अझ सरल प्रभावकारी र पारदर्शी गराउने घरधनीहरूलाई स्वीकृत नक्सा बमोजिम मात्र निर्माण गर्न अभिमुखीकरण गर्ने आदि कार्यलाई प्राथमिकताका साथ अघि बढाउन समन्वय गर्ने।

(च) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेददन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

(छ) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

सूचना प्रविधी समितिः

सूचना प्रविधि समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाको संस्थागत सुशासन कायम गरी स्थानीय शासन, विकास निर्माण तथा सेवा प्रवाहमा उच्चतम सदाचार, पारदर्शिता, नियमितता र प्रभावकारीता कायम गर्न/गराउन सूचना प्रविधिको प्रयोगलाई उच्च बनाउन आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(ख) संस्थागत सुशासन तथा सहरी सुव्यवस्था कायम गर्न सूचन प्रविधि सञ्चाल विका सम्बन्धी आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने। नगरले हाल प्रदान गरेका सूचना प्रविधिमा आधारित सेवाको गुणस्तर र प्रभावकारीताका सम्बन्धमा अनुगमन गरी आगामी दिनमा लिनुपर्ने नीतिगत, कानूनी सुधारको उपायहरू कार्यपालिकाको बैठकमा प्रस्तुत गर्ने।

(ग) गाउँपालिकाको सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन सूचना प्रविधिसँग जोड्ने उपयुक्त प्रणालीको सिफारिस गर्ने।

(घ) संवद्द कानून तथा गाउँपालिकाको निर्णय कार्यान्वयन र त्यसको उपलब्धी सम्बन्धमा नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्वन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिउका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(ङ) गाउँपालिकाको समस्त प्रशासनिक काम कारवाहीमा सूचना प्रविधिको प्रयोग सम्बन्धमा आवश्यक सुधारको लागि अध्ययन अनुसन्धकान गरी सुझाव दिने।

(च) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

(छ) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने ।

सम्पदा तथा पर्यटन समितिः

सम्पदा तथा पर्यटन समितिकाे काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिका क्षेत्रभित्रका संस्कृति र सम्पदाको संरक्षण, सम्बद्र्धन र प्रवद्धन गर्न तथा पर्यटन विकासको निमित्त आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(ख) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने।

(ग) स्थानीय संस्कृति, सम्पदा, चाडपर्व, जात्रा, विहार, मन्दिर, धार्मिक क्षेत्र, पर्यटन क्षेत्र लगायत पुरातात्विक महत्वका नदी किनार, पाटीपौवा, बाजागाजा, गुठी परम्परा तथा अन्य मुर्त अमुर्त सम्पदाको सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सुधार तथा संरक्षणको निमित्त अवलम्बन गर्नुपर्ने नीति तथा संस्थागत व्यवस्थाको सिफारिस गर्ने।

(घ) संस्कृति, सम्पदा संरक्षण तथा पर्यटन विकाससँग सम्बन्धित विभाग, शाखा, आयोजना, तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(ङ) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

(च) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

आर्थिक विकास समितिः

आर्थिक विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको वित्तिय सुशासन कायम गरी नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य पुष्टि हुने गरी लेखाप्रशासन संचलान गर्न/गराउन आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने।

(ख) खर्च सम्बन्धी प्रचलित कानूनको यथार्थ परिपालना गराउन आवश्यक प्रस्तावहरू सम्बन्धमा छलफल गरी रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने।

(ग) गाउँपालिका खर्च व्यवस्थालाई अधिकतम उपलब्धिमूलक बनाई जनउत्तरदायी खर्च प्रणालीको सिफारिस गर्ने। स्वीकृत बजेटको परिधिभित्र रही कानून बमोजिम खर्च गर्ने प्रशासनिक प्रणालीलाई सुदृढ बनाउने। प्रचलित कानून बमोजिम रहने स्थानीय संचित कोष, आकस्मिक कोषको व्यवस्थापनमा सहयोग गर्ने।

(घ) केन्द्र, विभाग, आयोजना तथा वडा कार्यलयको खर्च व्यवस्थापनलाई कानून बमोजिम पारदर्शी ढङ्गले परिचालन भए नभएको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषयगत क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने।

(ङ) गाउँपालिकाको समस्त वित्तीय काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने। महालेखापरीक्षकको कार्यालयले औंल्याएका बेरुजु र आर्थिक अनुशासन सम्बन्धी सुझावहरू कार्यान्वयन गर्ने/गराउने।

(च) स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद १० अन्तर्गत तोकिएका आर्थिक कार्यप्रणाली सम्बन्धी व्यवस्थाको अधीनमा रही गाउँपालिकाको आर्थिक कार्यप्रणालीलाई व्यवस्थित बनाउन आवश्यक कार्यहरू गराउने।

(छ) समितिले आफ्नो कामकारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

(ज) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

सामाजिक विकास समितिः

सामाजिक विकास समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाका क्षेत्रको सामाजिक विकास, समाज कल्याण, शिक्षा तथा व्यवसायिक क्षमता विकास र स्वास्थ्य तथा स्वरोजगार जस्ता सामाजिक क्षेत्रमा सुशासन र समृद्धी हाँसिल गर्न आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(ख) महिला, बालबालिका, जेष्ठ नागरिक, असाहाय, अपांगता भएका व्यक्ति, पिछडिएको वर्ग, समुदाय, शहरी गरिब ताथ सिमान्तकृतहरूको हकहित र सुविधाको निम्ति गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रमको कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने।

(ग) गाउँपालिकाको स्वास्थ्य, शिक्षा, रोजगारी, खेलकुद आदिको क्षेत्रमा गुणात्मक तथा जनउपयोगी कार्यपद्धतिको विकास गरी सक्षम, उत्कृष्ट, सबल र प्रतिस्पर्धी नागरिक विकासमा केन्द्रित भई स्थानीय शासन संचालनका लागि आवश्यक संयन्त्र तथा कर्याप्रणालीको सिफारिस गर्ने।

(घ) समाजकल्याण तथा सामाजिक विकासका विविध क्षेत्रहरूमा सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँगग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(ङ) गाउँपालिकाको समस्त सामाजिक क्षेत्रको काम कारवाहीमा आवश्यक सुधारको अध्ययन अनुसन्धान गरी सुझाव दिने।

(च) समितिले आफ्नो काम कारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

(छ) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

पूर्वाधार विकास समितिः

पूर्वाधार विकास समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) गाउँपालिकाका क्षेत्रभित्र निर्माण गर्न आवश्यक भौतिक पूर्वाधारहरूको पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(ख) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने।

(ग) सुरक्षित तथा व्यवस्थित निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकिकृत रूपमा संचालन गर्न आवश्यक ठूला परियोजनाहरू सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने।

(घ) शहरी पूर्वाधार विकास तथा भौतिक निर्माणसँग सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/महाशाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(ङ) गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय, संस्थान आदिबट हुने भौतिक निर्माण संवद्ध कार्यहरूमा आवश्यक समन्वय गरी निर्माण कार्यमा एकरूपता र गुणस्तरीयता कायम गर्न सहयोग गर्ने।

(च) गाउँपालिकाको स्वीकृत बजेट अन्तर्गत निर्माण गरिने शहरी पुर्वाधारहरू समयमै सम्पन्न गर्ने, गुणस्तरीयता र उपयोगितामा कमी आउन नदिने, अपांगतामैत्री संरचनाहरू निर्माण गर्ने तथा सार्वजनिक हित र सरोकारलाई उच्च महत्व दिई भौतिक संरचनाहरू निर्माण गर्न गराउन आवश्यक कानूनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने।

(छ) समितिले आफ्नो काम कारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्नें प्रबन्ध मिलाउने।

(ज) कार्यपालिकाले तोकेका अन्य कार्य गर्ने।

वातावरण तथा विपद् व्यवस्थापन समितिः

वातावरण तथा विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाका क्षेत्रभित्रको वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, हरियाली प्रवर्धन तथा प्रदुषण नियन्त्रण सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(ख) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत वातावरण सम्बन्धी बजेट, नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने ।

(ग) सफा, सुन्दर र स्वच्छ नगर बनाउन आवश्यक अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफारिस गर्ने।

(घ) गुणस्तरीय खाद्यपदार्थ विक्री वितरणको व्यवस्थापनको निमित्त आवश्यक पुर्वाधार, नियमित अनुगमन र कारवाही सम्बन्धमा आवश्यक नीतिगत तथा संस्थागत संयन्त्र विकास गर्न अध्ययन छलफल गरी प्रस्ताव पेश गर्ने।

(ङ) वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कार्यमा सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूबाट प्रभावकारी रूपमा कानून बमोजिम पारदर्शी ढंगले कार्य भए नभएको नियमित अनुगमन सुपरिवेक्षण गरी कार्यान्वयनलाई सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्यसम्पादनमा थप सहजता र प्रभावकारीता ल्याउन सहयोग गर्ने।

(च) गाउँपालिकालाई सुरक्षित शहरको रूपमा विकास गर्न निर्माण गरिने सबै भौतिक पूर्वाधारहरूमा विपद् जोखिम न्यूनीकरणको प्रविधि र उपकरणहरू प्रयोग गर्ने प्रणाली पहिचान गरी तत् सम्बन्धमा आवश्यक नीति, योजना, कार्यक्रम तर्जुमा गर्ने।

(छ) गाउँसभा तथा कार्यपालिकाबाट स्वीकृत विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयन गर्न गराउन आवश्यक रणनीति, कार्यनीति, क्रियाकलाप समेत सिफारिस गर्ने।

(ज) सुरक्षित तथा व्यवस्थित नगर निर्माणका लागि अन्य स्थानीय तहहरूसँग समेत एकीकृत रूपमा सञ्चालन गर्न आवश्यक विपद् व्यवस्थापन सम्बन्धी विषयमा संयुक्त तबरबाट अध्ययन, अनुसन्धान, विश्लेषण गरी सिफरिस गर्ने।

(झ) शहरी पूर्वाधार विकास तथा भौतिक निर्माणमा विपद् जोमिख न्यूनिकरणका अवधारणालाई मूल प्रवाहीकरण गरिए नगरिएको सम्बन्धमा सम्बन्धित विभाग, शाखा, आयोजना तथा वडा कार्यालयहरूको नियमित अनुगमन सुपरीवेक्षण गरी कार्यान्वयनलार्य सुनिश्चित गराउने। विषय क्षेत्रसँग सम्बन्धित विभाग/शाखा तथा अन्य प्रशासनिक एकाईसँग समन्वय गरी तोकिएका कार्यविवरण अनुसारको कार्य सम्पादनमा थप सहजता र प्रभावकारिता ल्याउन सहयोग गर्ने।

(ञ) गाउँपालिका क्षेत्रभित्र अन्य सरकारी निकाय आदिबाट हुने भौतिक निर्माण सम्बद्ध कार्यहरूमा आवश्यक समन्वय गरी प्रकोपबाट बच्न आवश्यक पहल गर्ने।

(ट) विपद् व्यवस्थापनमा सुधार ल्याउन आवश्यक कानुनी तथा संस्थागत प्रबन्ध गर्न सिफारिस गर्ने।

(ठ) समितिले आफ्नो काम कारवाही, सिफारिस, अध्ययन प्रतिवेदन तथा सुझावहरू प्रमुख मार्फत् कार्यपालिकाको बैठकमा पेश गर्ने प्रबन्ध मिलाउने।

## परिच्छेद-३

सिरानचोक गाउँपालिकाको संगठनात्मक संरचना र कार्यहरु

नेपालको संबिधान, स्थानीय सरकार संचालन ऐन, २०७४, नेपाल सरकारबाट स्वीकृत कार्य विस्तृतीकरण प्रतिवेदन तथा नेपाल सरकार द्वारा स्वीकृत अन्तरिम संगठन संरचना र दरबन्दी तेरिज समेतका आधारमा तिलोत्तमा गाउँपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने विभिन्न शाखाहरू र ती शाखाहरूबाट सम्पादन गरिने कार्यहरूलाई तलका बुँदाहरुमा प्रस्तुत गरिएको छ ।

### ३.१ प्रशासन, योजना तथा अनुगमन शाखा

#### ३.१.१ प्रशासन इकाइ

| क्र. सं. | प्रवाह गरिने सेवाको नाम | आवश्यक पर्ने कागजात | सेवा प्रवाहको चरण/Steps | जिम्मेवार शाखा/ अधिकारी | लाग्ने अनुमानित समय | दस्तुर | मापदण्ड | सम्बन्धित कानुन/ कार्यविधि/ निर्णय |
|---|---|---|---|---|---|---|---|---|
| १. | स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन | | | | | | | |
| २. | संविधानको धारा ३०२ बमोजिम समायोजन भई आउने कर्मचारीको व्यवस्थापन | | | | | | | |
| ३. | स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य | | | | | | | |
| ४. | नगर पालिकाको संगठन विकास, सङ्गठन संरचना तथा दरबन्दी निर्धारण, | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जनशक्ति व्यवस्थापन र वृत्ति विकास सम्बन्धी कार्य | | | | | | | |
| ५. | स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन | | | | | | | |
| ६. | मानव संसाधन विकासका लागि अल्पकालीन तथा दीर्घकालीन योजना तर्जुमा | | | | | | | |
| ७. | गाउँपालिकामा सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन | | | | | | | |
| ८. | स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरू | | | | | | | |
| ९. | संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको सहभागिता तथा प्रतिनिधित्व | | | | | | | |
| १०. | जिल्ला समन्वय समितिसँगको समन्वय | | | | | | | |
| ११. | वडा तहसँगको सम्पर्क र समन्वय | | | | | | | |
| १२. | पत्राचार, सभा, समारोह, शिष्टाचार | | | | | | | |
| १३. | कार्यपालिका तथा सभाको बैठक व्यवस्थापन | | | | | | | |
| १४. | कार्यपालिकाको निर्णयहरूको विद्युतिय माध्यमबाट अभिलेखीकरण तथा प्रकाशन | | | | | | | |



vision consulting pvt. ltd.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १५. | कार्यपालिकाका विभिन्न समिति, उपसमिति, कार्यदलको बैठक व्यवस्थापन | | | | | | | |
| १६. | स्थानीय चाडपर्व, सार्वजनिक विदा, उत्सव, जात्रा, उर्दी आदिको व्यवस्थापन | | | | | | | |
| १७. | उपाधी तथा विभुषण सम्बन्धी सिफारिश, अभिलेख | | | | | | | |

### ३.१.२ राजश्व इकाइ

| क. सं. | प्रवाह गरिने सेवाको नाम | आवश्यक पर्ने कागजात | सेवा प्रवाहको चरण/Steps | जिम्मेवार शाखा/ अधिकारी | लाग्ने अनुमानित समय | दस्तुर | मापदण्ड | सम्बन्धित कानुन/ कार्यविधि/ निर्णय |
|---|---|---|---|---|---|---|---|---|
| १. | राजश्व सम्बन्धी नीति, कानून तर्जूमा, कार्यान्वयन र नियमन (राजश्व चुहावट नियन्त्रण समेत) | | | | | | | |
| २. | सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिंग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यवसायिक | | | | | | | |



Glo... consulting pvt. ltd.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, बाँडफाँट, संकलन र नियमन, अन्य आय व्यवस्थापन | | | | | | | |
| ३. | सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँट | | | | | | | |
| ४. | आफ्नो क्षेत्रभित्र राजस्वका दर अन्य शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन, समन्वय र नियमन | | | | | | | |
| ५. | स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर (नीति, कानून, मापदण्ड, नियमन, शुल्क निर्धारण, संकलन तथा व्यवस्थापन | | | | | | | |
| ६. | मालपोत संकलन | | | | | | | |
| ७. | कानून बमोजिम ढुँगा, गिट्टी, बालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनीज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन | | | | | | | |
| ८. | ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्पिङ्ग, जिपफ्लायर, र्‍याफ्टिङ्ग शुल्क | | | | | | | |
| ९. | सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन | | | | | | | |



Glo...
vision consulting pvt. ltd.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १०. | पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन | | | | | | | |
| ११. | प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन ताथ प्रदेश र संघीय मापदण्ड पालना | | | | | | | |
| १२. | प्रचलित कानून बमोजिम दण्ड जरिवाना | | | | | | | |
| १३. | राजस्व सम्भाव्यता अध्ययन तथा विश्लेणात्मक कार्य | | | | | | | |
| १४. | बाँकी बक्यौता रकमको लगत र असुल उपर | | | | | | | |
| १५. | करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक | | | | | | | |
| १६. | वित्तीय स्रोत साधनको समतामूलक बाँडफाँट | | | | | | | |
| १७. | आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन | | | | | | | |
| १८. | राजश्व परामर्श समिति सम्बन्धी विषय | | | | | | | |
| १९. | स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन | | | | | | | |
| २०. | राजस्वको सम्भाव्यता अध्ययन | | | | | | | |
| २१. | राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान | | | | | | | |
| २२. | संघीय तथा प्रदेश कानून बमोजिम बजेट घाटापूर्तिको स्रोत व्यवस्था | | | | | | | |



Glo
vision consulting pvt. ltd.

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७. | उपभोक्ता समितिको विवरण, क्षमता विकास | | | | | | | |
| ८. | विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण | | | | | | | |
| ९. | संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग | | | | | | | |
| १०. | विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य | | | | | | | |
| ११. | विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा | | | | | | | |
| १२. | विकास योजनाको अनुगमन, तथा मूल्याङ्कनको आधार तथा प्रक्रिया निर्धारण | | | | | | | |
| १३. | आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन | | | | | | | |
| १४. | विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्याङ्कन | | | | | | | |